# गर्भवती तथा सुत्केरी आमाहरुलाई पोषण भत्ता उपलब्ध गराउने कार्यविधि, २०७८

प्रस्तावना:
रामप्रसादराई गाउँपालिका भित्रका सम्पुर्ण आमा तथा बालबालिकाहरुको गुणस्तरिय स्वास्थ्यका लागी "गर्भवती तथा सुत्केरी आमाहरुलाई पोषण भत्ता उपलब्ध गराइ आमा तथा वच्चाको पोषण स्थित्तीमा सुधार ल्याउनका लागी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (झ) बमोजिम यो कार्यविधी बनाईएको छ।

कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/१०/०८

## परिच्छेद: १
## नाम, प्रारम्भ र परिभाषा

१.१ नाम र प्रारम्भ: (१) यस कार्यविधीको नाम " गर्भवती तथा सुत्केरी आमाहरुलाई पोषण भत्ता उपलब्ध गराउने कार्यविधि, २०७८" रहेको छ।
(२) यो कार्यविधी कार्यपालिका वैठकबाट पास भई प्रमाणिकरण भएको मिति देखि लागु हुने छ।

१.२ परिभाषा:
१. बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, १.गर्भवती भन्नाले "गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा गर्भजाँच गरेको महिलालाई सम्झनु पर्छ।"
२. पहिलो गर्भवती जाँच भन्नाले "सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत पहिलो गर्भ जाँच ९१ दिन पछि आउनेलाई सम्झनुपर्छ।"
३. चौथो गर्भ जाँच भन्नाले "सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत प्रोटोकल (चौथो, छैठौ, आठौ र नवौ महिनामा) अनुसार चौथो जाँच गर्न आउनेलाई सम्झनु पर्छ।"

## परिच्छेद: २
## उद्देश्य र भत्ता सम्बन्धि व्यवस्था

२.१ गर्भवती महिलाहरुलाई गर्भवती पोषण सुधार भत्ता वितरण कार्यविधीको उद्धेश्य:
यस कार्यबिधीको उद्धेश्य देहाय बमोजिम हुनेछ।
१. गुणस्तरिय स्वास्थ्य सेवा अन्तर्गत गर्भवतीको पोषण स्वास्थ्य सुधार गर्ने।
२.मातृ तथा शिशुमृत्यु दरमा कमि ल्याउने।
३.कम्तीमा चार पटक गर्भवती जाँच गर्ने महिलाहरुको सुचकमा बृद्धि गर्ने।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वैकुण्ठे, झापा
१ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

२.२ परामर्श सेवा प्रदान

क) गर्भवति तथा सुत्केरीहरुको पुर्व तयारी सम्बन्धि जानकारी दिने।

ख) खतराका चिन्हहरु बारे जानकारी दिने।

ग) पोषण, व्यक्तिगत तथा वातावरणीय सरसफाई सम्बन्धि सचेतना गर्ने।

घ) सुरक्षित सुत्केरी सेवा सम्बन्धमा जानकारी दिने।

ङ) पुर्ण खोप सम्बन्धमा जानकारी दिने।

च) परिवार नियोजन सम्बन्धि जानकारी दिने।

छ) गर्भवति पोषण सुधार कार्यक्रम सम्बन्धि जनचेतना जगाउने।

२.३ गर्भवती पोषण सुधार भत्ता सम्बन्धि व्यवस्थाः

गर्भवती तथा सुत्केरीलाई पाँच हजार प्राप्त गर्नको लागि निम्न वमोजिमको योग्यता पुरा भएको हुनुपर्दछ।

१. रामप्रसादराई गाउँपालिका क्षेत्र भित्रको स्वास्थ्य संस्थामा कम्तीमा दुई पटक गर्भवती स्वास्थ्य जाँच गराएको। (भुक्तानीका वखत सो सम्वन्धी प्रमाण संलग्न राख्न पर्नेछ।)

२. नेपाली नागरिक भएको।

३. दुइ सन्तानमात्र भएको। दुईभन्दा वढी सन्तान जन्माएमा नपाइने।

४. स्थायी वा अस्थायी वसोवास रहेको वडा कार्यलयको सिफारिस।

५. बच्चाको जन्मदर्ताको प्रमाणपत्र।

६. अनुसूची १ वमोजिमको ढाँचामा निवेदन।

७. सुत्केरी आमाले सुत्केरी पश्चात रू पाँच हजार वरावरको आमा तथा वच्चाको हेरचाह वापत पाउनेछ।

८.प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीको नाममा तोकिएको शीर्षकवाट आवश्यकता अनुसार पेश्कि रकम उपलव्ध गराउनेछ।

९. आवश्यक प्रमाण कागजातको आधारमा पेश्कि लिने कर्मचारीले उक्त रकम सुत्केरी आमालाई वुझाइ अनुसूची २ वमोजिमको ढाँचामा भरपाई गर्नेछ।

१०. सम्बन्धित स्वास्थ्य संस्थाले मासिक रुपमा वितरण गरिएको रकमको प्रगती प्रतिवेदन गाउँपालिकामा पठाउनु पर्ने छ।

११. किर्ते कागजात पेश गरी भुक्तानी लिने वा पेश्की फर्छयौट गराउने जिम्मेवार स्वास्थ्यकर्मी, कर्मचारी उपर प्रचलित कानुन वमोजिम कारवाही हुनेछ।

१२. भत्ता वितरण सम्बन्धी अभिलेख अनुसूची ३ बमोजिमको ढाँचामा प्रत्येक स्वास्थ्य संस्थाले राख्नुपर्नेछ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद: ३
## अनुगमन तथा मूल्यांकन

३.१ यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नको लागि देहाय बमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| घ) योजना शाखाको प्रमुख कर्मचारी | सदस्य |
| ङ) स्वास्थ्य शाखाको प्रमुख | सदस्य सचिव |

३.२ समितिको काम कर्तव्य र अधिकार

क) कार्यक्रमको औचित्य आवश्यकता र प्रभाव मूल्यांकन गर्ने ।

ख) कार्यक्रममा अनियमितता हुन नदिन नियमित अनुगमन गर्ने ।

ग) कार्यक्रमलाई प्रभावकारी वनाउन प्रमुख प्रशासकीय अधिकृतलाई सल्लाह सुझाव निर्देशन गर्ने ।

घ) गर्भवती तथा सुत्केरीहरुको विवरण तथ्यांक सम्बन्धमा अनुगमन गर्ने गराउने ।

ङ) पेश्की फर्छ्यौटका लागि सिफारिश गर्ने ।

## परिच्छेद: ४
## विविध

३.१ यस कार्यविधिको व्याख्या अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वैकुण्ठे, भोजपुर
१ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची १

## रकम माग सम्वन्धी निवेदनको ढाँचा

मिति ............

श्रीमान् प्रमुखज्यू
....................स्वास्थ्य चौकी , ................ ।

रामप्रसादराई गाउँपालिका ... नं वडाको ................................भन्ने स्थानमा स्थायी/अस्थायी वसोवास गर्ने ........................................................ को नाती/नातिनी/बुहारी ........................................ छोरा/छोरी/वुहारी/पत्नी म .............................................. ले तहाँ स्वास्थ्य संस्थामा सुत्केरी गराए वापत आमा तथा वच्चाको हेरचाह लागी गाउँपालिकाले उपलव्ध गराउने रू पाँच हजार वरावरको रकम पाउँ भनी देहाय वमोजिमको कागजात यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु । झुट्टा ठहरे कानुन वमोजिम सहुला वुझाउला ।

देहाय:

क) नागरिकताको प्रतिलिपी (आफनो वा पतिको वा पिताको वा ससुराको वा सासुको)
ख) दुइ भन्दा वढी सन्तान नभएको भन्ने व्यहोरा खुलेको वडा कार्यालयको सिफारिस
ग) कम्तीमा दुइ पटक गर्भवती जाँच गराएको प्रमाण
घ) वच्चाको जन्मदर्तको प्रमाणपत्रको प्रतिलिपी

निवेदक
नाम :
ठेगाना:
सम्पर्क नं:
हस्ताक्षर :

औँठाछाप :

प्रमुख प्रशासकीय अधिकृत

# अनुसुची २
## भर्पाईको ढाँचा

| क्र सं | भत्ता पाउने सुत्केरीको नामथर | पति/पिताको नाम | ससुरा/बाजेको नाम | सम्पर्क नं | स्थायी ठेगाना | बुझिलिएको भत्ता रु. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**बुझाउने**
स्वास्थ्यकर्मीको नाम
स्वास्थ्य संस्थाको नाम
हस्ताक्षर
मिति

**बुझिलिने**
सेवाग्राहिको नाम
ठेगाना
हस्ताक्षर
मिति

**प्रमाणित गर्ने**
स्वास्थ्य संस्था प्रमुखको नाम
स्वास्थ्य संस्थाको छाप
हस्ताक्षर
मिति

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
१ नं. प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

### स्वास्थ्य संस्थाले राख्ने भत्ता वितरण सम्बन्धी अभिलेखको ढाँचा

| क्र सं | भत्ता पाउने सुत्केरीको नामथर | पति/पिताको नाम | ससुरा/बाजेको नाम | सम्पर्क नं | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत